प्रदेश सरकार
भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि बिकास निर्देशनालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत

प.स.:०७८/०७९
च.न

मिति: २०७८/०५/२१

## सूचना । सूचना । सूचना ।

यस कृषि विकास निर्देशनालय,सुर्खेतको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "सहकारी मार्फत ब्याजमा सहुलियत अनुदान कार्यक्रम" भएको हुँदा सुर्खेत जिल्लामा रहेका सहकारीबाट दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र यस कृषि विकास निर्देशनालय, सुर्खेतमा आवश्यक कागजातहरु सगंलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धि थप जानकारीका लागि ०८३-५२०१८१ मा सम्पर्क गर्न सकिने छ ।

### आवश्यक कागजातहरु

१. सहकारी संस्था मार्फत ब्याज अनुदान कार्यविधि - २०७७ को अनुसूची – २ (दफा ८ मा उल्लेख बमोजिम) संलग्न कागजात, विवरण तथा निवेदन पेश गर्नु पर्नेछ ।
२. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।

### न्यूनतम मापदण्ड

१. कम्तिमा दुई वर्ष अघि दर्ता भई नियमित रुपमा संचालन तथा साधारण सभा भईरहेको ।
२. जम्मा सम्पत्तिको कम्तिमा पँन्चानब्बे प्रतिशत आन्तरिक पूँजी जुटाई ऋण लगानी गरेको अर्थात जम्मा सम्पत्तिको पाँच प्रतिशत भन्दा बढी बाह्य ऋण नभएको ।
३. भाखा नाघेको ऋण नरहेको वा कूल लगानीमा रहेको ऋणको पाँच प्रतिशत भन्दा कम रहेको र ऋण जोखिम कोषको प्रयाप्त व्यवस्था गरिएको ।
४. ब्याज अनुदान कार्यक्रममा सहभागि हुने सहकारी संस्थाको जगेडा कोष, शेयर पूजि र बचत गरी कम्तिमा पँचास लाखको पूँजि भएको ।
५. बचत तथा ऋणको विषयगत वा उत्पादक वा बहुउद्देश्यिय प्रकृतिको कारोबार गरी विधि र प्रक्रिया बमोजिम सदस्यहरुलाई ऋण लगानी गरिरहेको ।
६. संस्थाको प्रकृति अनुसार मुख्य कारोवार संचालन गरिरहेको वा संचालन गर्ने स्पष्ट कार्ययोजना भएको ।
७. ऋणको ब्याज दर, ऋण र बचतको ब्याज दरबिचको स्प्रेड दर सहकारी ऐन नियममा भएको व्यवस्था विपरित नहुने गरी निर्धारण गरी लागु गरिरहेका ।
८. कार्यक्षेत्र बहिर गई वा गैरसदस्य सँग वा उद्देश्यिय विपरित हुनेगरी कारोवार नगरेको ।
९. यस अघि सरकारी वा अन्य कुनै निकायबाट अनुदान वा कुनै सहुलियत प्राप्त गरी त्यसको दुरुपयोग नगरेको ।
१०. नियमित रुपमा कर चुक्ता तथा वार्षिक लेखापरीक्षण गरिरहेको ।
११. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन साधारण सभामा पेश गरेको ।
१२. संस्थागत दर्ता तथा नियमन गर्ने निकायमा पठाउनुपर्ने प्रगति विवरणहरु नियमित रुपमा पठाइरहेको ।
१३. समग्रमा सहकारी मूल्य, मान्यता र सिद्वान्त तथा सहकारी तथा सहकारी ऐन नियममा भएका व्यवस्थाहरुको पालन गरी संचालन भएको ।
१४. ब्याज अनुदान कार्यक्रममा सहभागी हुन संस्थागत निर्णय गरेको ।

चित्र बहादुर रोका
(बरिष्ठ कृषि अर्थ वि
नि. निर्देशक

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या: २०७८/०७९ मिति: २०७८/०५/२१
च.नं.:

## कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

सूचना। सूचना । सूचना ।।।

यस कृषि विकास निर्देशनालयको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार, सुर्खेत जिल्लाका लागी पाना नं. २ र ३ मा उल्लेख गरे बमोजिम कार्यक्रमहरूमा अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा सुर्खेत जिल्लाका कृषि व्यबसाय एवं सहकारी सम्बन्धी संलग्न ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, उद्धमी, निजी फर्म व्यवसायीबाट पाना नं. २ र ३ मा उल्लेख भए बमोजिमका कार्यक्रमहरूका लागि दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिनभित्र यस कृषि विकास निर्देशनालयमा तपशिल अनुसारका कागजातहरू संलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। उपलब्ध गराइने अनुदान रकमको अधिकतम सीमा कृषि समुह/सहकारीहरूको हकमा अधिकतम ७०% र निजि फार्महरूको हकमा ५०% सम्म हुनेछ । यस सम्बन्धि थप जानकारी का लागि ०८३-५२०१८१ मा सम्पर्क गर्न सकिने छ।

...................
(चित्र बहादुर रोकाय)
वरिष्ठ कृषि अर्थ विज्ञ
नि. निर्देशक

आवश्यक कागजातहरू

१. कृषक समुह, सहकारी, तथा निजी फर्महरूले हुलाक टिकट टाँस गरि अनुसूची-४ (दफा ४ को उपदफा (२) सँग सम्बन्धित) अनुदानको लागि निवेदन पेश गर्नु पर्ने छ ।
२. समुह, सहकारी, निजी फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
३. स्थानिय तहको सिफारिस पत्र ।
४. सहकारी र निजी फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन फोटोकपी ।
५. सहकारी र निजी फर्मको हकमा गत आ.व. सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपी ।
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी र प्रतिवद्धता पत्र ।
८. आयोजना सम्बन्धि अन्य आवश्यक कागजातहरू ।
९. आयोजना सम्बन्धि अन्य आवश्यक कागजातहरू ।
१०. कार्यक्रम नं. २५ को हकमा जग्गाधनि सँग लिजमा लिइको सम्झौता कागजपत्र तथा न्यूनतम पाँच बर्षको लिज अवधि हुनु पर्ने ।

११. कार्यक्रम नं. २६ को हकमा कृषि मिटर राखेको कागजपत्रको प्रतिलिपि प्रमाण खुल्ने कागज वा फोटो ।

<u>कार्यक्रमहरूको नाम</u>

| क्र.सं. | कार्यक्रमको नाम |
|---|---|
| १ | ५० प्रतिशत अनुदानमा हाते ट्र्याक्टर लगायतका कृषि औजार बितरण(कृषि - खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशीन औजार) |
| २ | बिउ उत्पादन स्रोत केन्द्र |
| ३ | बीउ प्रशोधनकर्ता/खरिदकर्ताको सिफारिसमा उत्पादित उन्नत बीउको परिमाणमा आधारित प्रोत्साहन अनुदान |
| ४ | सीड भिलेज स्थापनाका लागि बीउ व्यवसायीहरुलाई सहयोग |
| ५ | कालो धान खेती प्रवर्द्धन कार्यक्रम |
| ६ | बसन्ते मकै नगरेका क्षेत्रमा बसन्ते मकै प्रबर्द्धन कार्यक्रम |
| ७ | नमूना उखु वाली प्रवर्द्धन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) |
| ८ | बिउ उत्पादक सहकारीहरुलाइ बिउ प्रशोधन सामग्रीमा सहयोग |
| ९ | ब्यावसायिक मौरीपालन गर्ने कृषकहरुलाई समुह/सहकारी/नीजि फार्म मार्फत सहयोग (सेरेना/मेलीफेरा मौरी तथा मौरीजन्य सामाग्री) |
| १० | मौरीपालन श्रोत केन्द्रमा सहयोग कार्यक्रम (मौरीघार लगायत अन्य मौरीजन्य उपकरण निर्माण) निरन्तरता तथा नयाँ) |
| ११ | च्याउ श्रोत केन्द्रमा सहयोग(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) |
| १२ | बीउ उत्पादक कृषकहरुलाई पोस्टहार्भेष्ट सामाग्रीमा सहयोग |
| १३ | युवा लक्षित च्याउ खेती प्रबर्द्धन सहयोग कार्यक्रम वीरेन्द्रनगर न.पा र भेरीगंगा न.पा |
| १४ | निर्माण भएका हाइटेक नर्सरी उच्च मुल्यका तरकारी/फलफुल/पुष्प बालीका बेर्ना उत्पादनमा सहयोग |
| १५ | अदुवा बीउ श्रोत केन्द्र स्थापना |
| १६ | तरकारी वाली बीउ उत्पादन क्षेत्र बिस्तार (हे.) मूला १, रायो १, केराउ १, प्याज १, आलु ७ आदि ढुवानी सहित |
| १७ | उन्नत विउ प्रसारण किट वितरण कार्यक्रम |
| १८ | प्राविधिक विद्यालय मार्फत प्रबिधि प्रसार तथा सिक्दै कमाउदै कार्यक्रम(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) |
| १९ | कृषि यन्त्र निर्माणकर्तालाइ सहयोग |
| २० | पुष्पखेती प्रवर्द्धन कार्यक्रम |
| २१ | बर्षे फलफूल प्रबर्द्धन कार्यक्रम (आँप, लिची, सुन्तला, कागति, अनार, अलैंची) |
| २२ | नविनतमा प्रविधिमा आधारित कृषि ब्यवसाय प्रबर्द्धन कार्यक्रम (किवी, ओखर, ड्रागन फ्रुट, एभोकाडो प्रबर्द्धन) |



चित्र बहादुर रोकाय
(वरिष्ठ कृषि अर्थ विज्ञ)

| | |
|---|---|
| २३ | छिन्चु-जाजरकोट सडक खण्ड अन्तर्गत छिन्चु देखि पोखे आसपासका कृषक समुह र कृषि सहकारी मार्फत रोडकरिडोर तरकारी प्रबर्द्धन कार्यक्रम |
| २४ | फलफूल खेतिका लागि औजार उपकरण वितरण(औद्योगिक उत्पादनसंग सम्बन्धित उपकरण तथा मेशीन औजार) |
| २५ | युवा कृषकहरूलाई जग्गा भाडामा अनुदान कार्यक्रम |
| २६ | विद्युत प्रयोग गरि सिँचाई गर्ने कृषकहरूलाई विद्युत महशुलमा सहयोग कार्यक्रम |

२०७८/०४/२९

चित्र बहादुर रोकाय
(वरिष्ठ कृषि अर्थ विज्ञ)
नि. निर्देशक

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत

प.स.:०७८/०७९

मिति: २०७८/०५/०९

च. नं:

सूचना | सूचना | सूचना |

यस कृषि विकास निर्देशनालय, सुर्खेतको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कोल्ड स्टोर निर्माण गुर्भाकोट, बोटेचौर र कोल्ड स्टोर निर्माण बीरेन्द्रनगर, सुर्खेतको लागि निर्माण कार्यक्रम रहेको हुँदा उक्त सम्बन्धित ठाउँमा बसोबास गर्ने कृषक समुह, कृषि सहकारी र लाभग्राही समितिले निम्न अनुसार तोकिएका मापदण्ड/शर्तहरु पुरा गर्ने गरि दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ, साथै यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र यस कृषि विकास निर्देशनालय, सुर्खेतमा आवश्यक कागजातहरु संगलन्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ|

आवश्यक कागजात

१. कृषक समुह, सहकारी र उपोभोक्ता समितिहरुले हुलाक टिकट टाँस गरेको निवेदन अनुसूची-३ (दफा ४ को उपदफा २ बमोजिम) पेश गर्नु पर्नेछ |
२. समुह, सहकारी र उपोभोक्ता समितिको हकमा संस्था दर्ताको प्रमाण पत्र तथा नवीकरणको प्रतिलिपि |
३. समुह, सहकारी र उपोभोक्ता समितिको गत आ.व को लेखा परिक्षण र कर चुक्ता वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि |
४. कृषि व्यवसायमा आवद्ध सम्बन्धित समुह, सहकारी र उपोभोक्ता समितिले सूचना अवधि भित्र शित भण्डारण निर्माण तथा संचालन गर्न संस्थाको निर्णय र विनियम वा विधानको प्रतिलिपि |
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र |
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि |

आवश्यक मापदण्ड/शर्तहरु

१. सम्बन्धित संस्थाको नाममा दर्ता भएको जग्गासंग सडकको पहुँच हुनु पर्ने |
२. ३-phase विद्युतीय लाइन हुनु पर्ने |

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
वीरेन्द्रनगर, सुर्खेत

प.स.:०७८/०७९ मिति: २०७८/०५/०९

३. प्रमाणित/स्वीकृत विस्तृत डीजाईन तथा अनुमानित लागत अनुमान ।

४. लाभग्राही कृषकलाई शेयर वितरण सम्बन्धि कागजात उल्लेख हुनु पर्ने ।

५. कृषक समूह/ सहकारी/ लाभग्राही समितिले कुल लागतको कम्तिमा ३०% रकम टेन्डर हुनु भन्दा अगाडी सरकारी खातामा जम्मा गर्ने प्रतिवद्धता ।

६. कृषक समुह/ सहकारी/ लाभग्राही समितिले प्रस्ताव दरखास्त गर्नको लागि शित भण्डारणको न्यूनतम क्षमता १०० देखि २०० मे.टन हुनु पर्ने ।

७. शित भण्डारण आसपासको क्षेत्रमा लगाईने सम्भाव्य प्याज, आलु, अदुवा लगायत अन्य बाली वस्तुहरुको अनुमानित क्षेत्रफल, उत्पादन र सम्भव भएसम्म उक्त बाली उत्पादन गर्ने समुह/सहकारी/निजी फर्मसंग भएको सम्झौता वा खरिद गर्ने प्रतिवद्धता ।

८. शित भण्डारण संचालन सम्बन्धि विस्तृत योजना संलग्न राख्नु पर्ने ।

२०७८/०५/९

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

वीरेन्द्रनगर,सुर्खेत

प.स. ०७८/०७९

च. नं.

मिति: २०७८/०५/०९

## सूचना । सूचना । सूचना ।

यस कृषि विकास निर्देशनालय, सुर्खेतको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कोल्ड रुम निर्माण तथा संचालन (संकलन केन्द्र तथा निजी व्यवसायी), सुर्खेतको लागि निर्माण कार्यक्रम रहेको हुँदा उक्त कृषक समुह, कृषि सहकारी, लाभग्राही समिति र उद्यमी निजी फर्म व्यवसायीले निम्न अनुसार तोकिएका मापदण्ड/शर्तहरु पुरा गर्ने गरि दरखास्त पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ, साथै यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०(तीस) दिन भित्र यस कृषि विकास निर्देशनालय, सुर्खेतमा आवश्यक कागजातहरु संगलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ ।

डिल बहादुर रोकाया
(वरिष्ठ कृषि अर्थ विज्ञ)
[illegible]

### आवश्यक कागजात

१. कृषक समुह, सहकारी ,उपोभोक्ता समितिहरु र निजी फर्मले हुलाक टिकट टाँस गरेको निवेदन अनुसूची-४ (दफा ४ को उपदफा २ बमोजिम) पेश गर्नु पर्नेछ ।
२. समुह, सहकारी र निजी फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्र तथा नवीकरणको प्रतिलिपि ।
३. समुह, सहकारी र निजी फर्मको गत आ.व को लेखा परिक्षण र कर चुक्ता वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि ।
४. कृषि व्यवसायमा आवद्ध सम्बन्धित समुह, सहकारी, उपोभोक्ता समिति र निजी फर्मले सूचना अवधि भित्र कोल्ड रुम निर्माण तथा संचालन गर्ने संस्थाको निर्णय र विनियम वा विधानको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र ।
६. जग्गाको स्वामित्व सम्बन्धित संस्थाको नाममा भएको हुनु पर्ने ।

### आवश्यक मापदण्ड/शर्तहरु

१. सम्बन्धित संस्था वा निजी फर्मको भौतिक संरचना कोल्ड रुम निर्माणका लागी निर्माण भैसकेको हुनु पर्ने

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
वीरेन्द्रनगर,सुर्खेत

मितिः २०७८/०५/०९

प.स.:०७८/०७९

२. ३-phase विद्युतीय लाइन हुनु पर्ने।

३. कृषक समुह/ सहकारी/ लाभग्राही समिति/निजी फर्मले प्रस्ताव दरखास्त गर्नको लागि कोल्ड रुमको न्यूनतम क्षमता १० देखि १५ मे.टन हुनु पर्ने।

४. कोल्ड रुम आसपासको क्षेत्रमा लगाईने सम्भाव्य प्याज, आलु, अदुवा लगायत अन्य बाली वस्तुहरुको अनुमानित क्षेत्रफल, उत्पादन र सम्भव भएसम्म उक्त बाली उत्पादन गर्ने समुह/सहकारी/निजी फर्मसंग भएको सम्झौता वा खरिद गर्ने प्रतिवद्धता।

५. कोल्ड रुम संचालन सम्बन्धि विस्तृत योजना संग्लग्न राख्नु पर्ने।

२०७८/०५/०९

चित्र बहादुर रोकाय
(वरिष्ठ कृषि अर्थ विज्ञ)
नि. निर्देशक

प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत

प.स.:०७७/०७८
च.न

मिति: २०७८/०५/२१

## सूचना । सूचना । सूचना ।

प्रस्तुत सम्बन्धमा यस कृषि विकास निर्देशनालय, सुर्खेतको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न "सिँचाई निर्माण आयोजनाहरु" स्विकृत भई आएको हुँदा उपभोक्ता समित गठन गरि दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र यस कृषि विकास निर्देशनालय, सुर्खेतमा आवश्यक कागजातहरु सगंलग्न राखि यस निर्देशनालयको पूवार्धार फाँट तथा खाध्य सूरक्षा, कृषि सूचना तथा संचार शाखामा सम्पर्क राख्न हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धि थप जानकारीका लागि ०८३-५२०१८१ मा सम्पर्क गर्न सकिने छ ।

२०७८।०५।२१
चित्र बहादुर रोकाय
(बरिष्ठ कृषि अर्थ विज्ञ)
नि. निर्देशक

### आवश्यक कागजातहरु

१. कृषक समूह / सहकारी र उपभोक्ता समितिहरुले हुँलाक टिकट टाँस गरेको निवेदन अनुसूची - ३ (दफा ४ को उपदफा २ बमोजिम) अनुसारको प्रस्ताव पेश गर्नु पर्नेछ ।
२. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।
३. समूह / सहकारीको हकमा संस्था दर्ताको प्रमाण पत्र तथा गत आ. व को लेखा परिक्षण र कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि ।
४. समूह / सहकारी र उपभोक्ता समितिको आयोजना माग सम्बन्धित निर्णय ।
५. आयोजना औचित्य, सिँचाई सुविधापुग्ने क्षेत्रफल तथा सम्भाब्यता बाली वस्तुको विवरण ।
६. पानीको मुहान र कुलो पास हुने जग्गामा कुनै विवाद नभएको सम्बन्धमा स्थानिय तहको सिफारिस पत्र ।
७. उपभोक्ता समितिको हकमा अनिवार्य रुपले सर्वदलिय भेला गरि स्थानिय तहको जननिर्वाचित प्रतिनिधिको रोहवरमा उपभोक्ता समिति गठन भएको निर्णयको प्रतिलिपि ।

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय
# कृषि विकास निर्देशनालय
वीरेन्द्रनगर,सुर्खेत

प.स.:०७८/०७९

मिति: २०७८/०५/२१

## सूचना ।सूचना ।सूचना ।

प्रस्तुत सम्बन्धमा यस कृषि विकास निर्देशनालय, सुर्खेतको आर्थिक वर्ष २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित सिंचाई संरचना निर्माण सम्बन्धी आयोजनाहरु स्वीकृत भई आएको हुँदा यसै सूचना संग संग्लग्न आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस निर्देशनालयको पूर्वाधार फाँट तथा कृषि प्रसार शाखामा सम्पर्क राख्न हुन यो सूचना प्रकाशित गरिएको छ।

२०७८।०५।२१
(वरिष्ठ कृषि अर्थ विज्ञ)
नि. निर्देशक

**सिंचाई आयोजनाको नाम र ठेगाना**

१. भेरीखाल लिफ्ट सिंचाई, चौकुने गापा ९
२. चैतेरुख लिफ्ट सिंचाई चौकुने, गापा ९ सुर्खेत
३. सिस्नेरी लिफ्ट सिंचाई, बराताल गापा २
४. दुलालथाइ लिफ्ट सिंचाई, पञ्चपुरी नपा ८
५. पेरीसडाडा लिफ्ट सिंचाई, पञ्चपुरी नपा ११
६. भित्रिखोला सिंचाई कुलो, बराताल गापा १
७. बैढुङ्गा कुलो निर्माण सम्सेनी, बराताल गापा १
८. केवडी लिफ्ट सिंचाई चौकुने, गापा १०
९. डोब्का खोला चिउरेपानी, बराताल गापा ६
१०. बेतरखोला सिंचाई योजना, बराताल गापा ९
११. आँपरुख सिंचाई योजना, चौकुने गापा ५
१२. सिस्ने सिंचाई कुलो बराताल, गापा ३
१३. आपखोला सिंचाई योजना, चौकुने गापा ९
१४. सलापु सिंचाई, बराताल गापा ६
१५. कालिकाथान डिपबोरिङ, चौकुने १० सुर्खेत
१६. रिजालटोल डिपवोरिङ सिंचाई, चौकुने ९ सुर्खेत
१७. सिमखेत सिंचाई, लेखबेशी नपा ८


वेवसाईडः www.doad.karnali.gov.np ईमेलः doadsurkhet@gmail.com फोन नम्बरः ०८३-५२०३०५

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था , कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

वीरेन्द्रनगर,सुर्खेत

प.स.:०७८/०७९

मिति: २०७८/०५/२१

१८.ठाडीबास सिंचाई ड्याम, बराताल गापा ६
१९.कवडी डिपबोरिङ लिफ्ट सिंचाई, चौकुने १० सुर्खेत
२०.भुले मटेला, बराताल गापा ६
२१.धप्पा सिंचाई, बराताल ५
२२.सान्नेघारी सिमखोला डिपबोरिङ लीफ्ट सिंचाई, चौकुने ७ सुर्खेत
२३.साधुरखोला डिपबोरिङ लीफ्ट सिंचाई, पञ्चपूरी ११ सुर्खेत
२४.सिमड्याङ डिपबोरिङ लीफ्ट सिंचाई, चौकुने ७ सुर्खेत
२५.मनिकापुर डिपबोरिङ, वि न पा १० सुर्खेत
२६.डोटेपाट लीफ्ट सिंचाई, बराताल ५ सुर्खेत
२७.बामेखोलामा तरकारी पकेट क्षेत्रमा डिपबोरिङ, वि न नपा १० सुर्खेत
२८.चैतुरुवा डिपबोरिङ लीफ्ट सिंचाई, चौकुने ७ सुर्खेत
२९.चैतुरुवा डिपबोरिङ लीफ्ट सिंचाई, चौकुने ७ सुर्खेत
३०.ज्यूनारीताल डिवोरिङ, चौकुने ७ सुर्खेत
३१.सानो सुर्खेत डिपबोरिङ, वि न पा १० सुर्खेत
३२.स्कुलखेत ज्योति टोल सिंचाई कुलो निर्माण, पञ्चपुरी ९ सुर्खेत
३३.चौरकुलो निर्माण, सिम्ता ५ बजेडाआली
३४.असुरेनी सिंचाई कुलो निर्माण, वि न पा १३ सुर्खेत
३५.जगलघाट सिंचाई कुलो, पञ्चपुरी ७
३६.घट्टेखोला कानेकोट पंगाला सिचाई कुलो योजना, पन्चपुरी २
३७.कालिका मन्दिर नजिक सिंचाई डिप बोरिङ, चौकुने ७
३८.डिप वोडिङ्, पन्चपुरी ४
३९.चनाली मुकाराधारा सिचाई योजना तथा खोखरी निर्माण, पन्चपुरी ४
४०.ताउले सिचाई तथा पोखरी निर्माण योजना, पन्चपुरी ११
४१.माल्फाके सिचाई योजना, पन्चपुरी ६
४२.सालझरी काक्रेतार सिचाई योजना, सिम्ता ४
४३.रातामाटा पोखरी निर्माण सिचाई योजना, गर्भाकोट ५
४४.गोचेखोला सातमुल लिफ्ट सिचाई योजना, गुर्भाकोट ६

(वरिष्ठ कृषि अर्थ विज्ञ)
नि. निर्देशक

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# कृषि विकास निर्देशनालय

वीरेन्द्रनगर,सुर्खेत

मितिः २०७८/०५/२१

प.स.:०७८/०७९

७२.बिरौटा सिंचाई योजना, सिम्ता ०५

## आवश्यक कागजात

१. कृषक समुह, सहकारी र उपोभोक्ता समितिहरुले हुलाक टिकट टाँस गरेको निवेदन अनुसूची-३ (दफा ४ को उपदफा २ बमोजिम) अनुसारको प्रस्ताव पेश गर्नु पर्नेछ।
२. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
३. समुह, सहकारीको हकमा संस्था दर्ताको प्रमाण पत्र तथा गत आ.व को लेखा परिक्षण र कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि।
४. समुह, सहकारी र उपोभोक्ता समितिको आयोजना माग सम्बन्धि निर्णय।
५. आयोजनाको औचित्य, सिंचाई सुविधापुग्ने क्षेत्रफल तथा सम्भाव्य बाली वस्तुको विवरण।
६. पानीको मुहान र कुलो पास हुने जग्गामा कुनै विवाद नभएको सम्बन्धमा स्थानिय तहको सिफारिस पत्र।
७. उपोभोक्ता समितिको हकमा अनिवार्य रुपले सर्वदलिय, सर्वपक्षीय भेला गरि स्थानीय तहको जननिर्वाचित प्रतिनिधिको रोहवरमा उपोभोक्ता समिति गठन भएको निर्णयको प्रतिलिपि।

(वरिष्ठ कृषि अर्थ विज्ञ)
नि. निर्देशक